






# बाल-पैरवी सहजीकरण निर्देशिका

Sweden Sverige | Save the Children | कन्सोर्टियम-नेपाल Consortium Nepal

# बाल-पैरवी सहजीकरण

# निर्देशिका

(सङ्घीय तथा प्रदेश तहको बाल-पैरवी परिषद र स्थानीय तहको बाल-पैरवी मञ्च एवं बालक्लब/सञ्जालबाट गरिने पैरवीको पहल एवं प्रक्रियालाई सहजीकरण गर्नका लागि)


कन्सोर्टियम-नेपाल

शङ्खमूल, बानेश्वर, काठमाडौं,

नेपाल।

२०८०




| | | |
|---|---|---|
| प्रकाशन सल्लाहकार | : | श्री दिल ऐर, सेभ द चिल्ड्रेन |
| | | श्री सन्तोष मर्हजन, कन्सोर्टियम नेपाल |
| | | श्री मोहन ढुँगाल, कन्सोर्टियम नेपाल |
| लेखन तथा सम्पादन | : | श्री चन्द्रिका खतिवडा |
| सम्पादन सहयोग | : | श्री रविन नेपाली र श्री नीना महर्जन |
| | | इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी, काठमाडौं। |
| प्रकाशन संयोजन | : | श्री गौरब के.सी. |
| चित्र | : | श्री सुनिल थापा |
| प्रकाशक | : | कन्सोर्टियम-नेपाल, शङ्खमूल, बानेश्वर, काठमाडौं। |
| प्रकाशन सहयोग | : | सेभ द चिल्ड्रेन |
| प्रकाशन वर्ष | : | २०८० |
| प्रकाशन प्रति | : | २५० |
| डिजाइन तथा प्रिन्ट | : | विकल्प मिडिया प्रा. लि. |

प्यारा बालबालिका,

नेपालमा बालसहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल) विगत २४ वर्षदेखि बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने उद्देश्यका साथ आफ्ना विभिन्न अभियानमार्फत क्रियाशील रहँदै आएको राष्ट्रिय सञ्जाल हो । यस सञ्जालले परिवारदेखि समाज हुँदै नीति निर्माण तहसम्म बालसहभागितालाई प्रवर्द्धन गर्न विभिन्न अभियान तथा पैरवी गर्दै आएको छ ।

यसै अभियानलाई निरन्तरता दिंदै कन्सोर्टियम नेपाल र सेभ द चिल्ड्रेनको संयुक्त प्रयासमा तपाईँहरू जस्तै बालबालिकासँगको छलफल पछि यो पुस्तिका तयार पारिएको हो । सङ्घीय तथा प्रदेश तहको बाल-पैरवी परिषद्, स्थानीय तहको बाल-पैरवी मञ्च एवं बालक्लब/सञ्जालबाट गरिने बाल-पैरवीको पहल एवं प्रक्रियालाई सहजीकरण गर्नका लागि यो पुस्तिका तयार गरिएको हो ।

यस पुस्तिकाले खासगरी स्थानीय तहमा रहेका बाल-पैरवी मञ्चको तर्फबाट गरिने बाल-पैरवीमा सघाउ पुऱ्याउने छ । यसर्थ, पुस्तिकाले स्थानीय तहमा बाल भेलाको आयोजना एवं सहजीकरण गरी बालबालिकाको अधिकारसम्बन्धी सवाल पहिचान गर्न तथा स्थानीय तहमा बाल-पैरवीको पहल गरी बालअधिकारका सवाललाई बहसमा ल्याउन बालबालिकालाई सघाउँदछ । यस पुस्तिकामा उल्लेख गरिएका प्रक्रियाबमोजिम पैरवीका कार्यहरू गर्न म सम्पूर्ण बालबालिकालाई अनुरोध गर्दछु ।

यस पुस्तिकालाई बालमैत्री बनाउनका लागि सुझाव दिई सहयोग गर्ने सम्पूर्ण बालबालिकाप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो पुस्तिकमा योगदान गर्ने सेभ द चिल्ड्रेनलाई म विशेष धन्यबाद दिन्छु । यो पुस्तिकालाई बालमैत्री भाषामा तयार पार्ने तथा बालबालिकासँगको परामर्शको सहजीकरण गर्नुहुने चन्द्रिका खतिवडा, रविन नेपाली र निना महर्जन तथा कन्सोर्टियम नेपालका कार्यसमितिका सम्पूर्ण साथीहरू र अन्य सबै सहयोगी व्यक्तित्वहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, यस पुस्तिका तयार गर्दा व्यवस्थापकीय र संयोजन गर्ने जिम्मेवारी सम्हाल्नु भएका सचिवालय प्रमुख गौरव के.सीलाई पनि विशेष धन्यबाद दिन्छु ।

धन्यवाद<br>
सन्तोष महर्जन<br>
अध्यक्ष

# बिषयसूची

## खण्ड क

बाल-पैरवी सहजीकरण निर्देशिकाबारे....................................................... ७

## खण्ड ख

हामी बालबालिका र सहभागितासम्बन्धी हाम्रा अधिकार..............................१३

## खण्ड ग

पैरवीको अवधारण तथा बालअधिकार पैरवीका चरण ................................ २३

## खण्ड घ

स्थानीय (प्रदेश तथा सङ्घ समेत) तहमा बालपैरवी
मञ्च र बालपैरवी परिषद्का लागि पैरवीका केही सवाल.................... ४०

## खण्ड कः

# बाल-पैरवी सहजीकरण निर्देशिकाबारे

## यो बाल-पैरवी सहजीकरण निर्देशिका किन चाहियो त ?

- बाल-पैरवीका लागि गरिनुपर्ने पहल एवं प्रक्रियालाई सहजीकरण गर्न र मार्गनिर्देशन गर्न;
- स्थानीय तहदेखि सङ्घीय तहसम्म गरिनुपर्ने बाल-पैरवीका सवालहरू पहिचान गर्न तथा सवाल कसरी पहिचान गर्ने भन्ने तरिकाबारे थाहा पाउन;
- पैरवी कसरी गर्ने भन्ने योजना (मुख्य सन्देश के दिने, लक्षित समूह कसलाई बनाउने, कस्तो परिवर्तन खोजेको हो र के-कस्ता क्रियाकलाप गर्ने, आदि) बनाउने प्रक्रियाबारे जान्न;
- बाल-पैरवीको सञ्चालन प्रक्रिया (को-को संलग्न हुने, मुख्य क्रियाकलाप चरणबद्ध रूपमा के-कसरी सञ्चालन गर्ने, आदि) बारे थाहा पाउन;
- बाल-पैरवीको समीक्षा, अनुगमन, मूल्याङ्कन गरी पुनः अर्को सवालमा बाल-पैरवीको योजना बनाउन सक्षम हुन; र
- बाल-पैरवी सञ्चालनको लागि बाल-पैरवी परिषद्, बाल-पैरवी मञ्च तथा बालक्लब /सञ्जालका सदस्यमा हुनुपर्ने ज्ञान, सीप, दक्षता बढाउनका लागि सघाउन।



**खासगरी स्थानीय तहमा गठन भई सञ्चालनमा रहेका बाल-पैरवी मञ्चले कसरी बाल-पैरवी गर्न सक्दछन् भन्ने बारेमा सघाउन यो निर्देशिका तयार गरिएको हो । समग्रमा, निर्देशिकाले बालबालिकालाई स्थानीय तहमा तल उल्लेखित कार्य गर्न सघाउँदछ :**

- स्थानीय तहमा बाल भेलाको आयोजना एवं सहजीकरण गरी बालबालिकाको अधिकारसम्बन्धी सवाल पहिचान गर्न;
- स्थानीय तहमा बालअधिकारका सवाललाई बहसमा ल्याउन;
- बाल-पैरवीको माध्यमबाट बालअधिकारका मुख्य विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गर्न, गराउन;
- बाल-पैरवीको माध्यमबाट स्थानीय तहमा बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणसँग सम्बन्धित नीति, कानुन तथा योजना तर्जुमा गराउन;
- स्थानीय तहमा बाल अधिकार प्रत्याभूति गर्न जिम्मेवार निकायको स्थापना गर्नका लागि सघाउन तथा तिनको क्षमता अभिवृद्धिको लागि आवाज उठाउन; र
- बालबालिका, बालक्लब/सञ्जाल, बाल-पैरवी मञ्च तथा बाल-पैरवी परिषद्ले गरेका कामबारे अभिभावक तथा सम्बन्धित निकाय एवं सहयोगी संस्थालाई जानकारी दिन ।



# बाल-पैरवी परिषद्, बाल-पैरवी मञ्च एवं बालक्लब/सञ्जालका हामी सदस्यले मनन गरौं।

१. तपाईं/हामी को हौं ?

२. बालअधिकारका सम्बन्धमा तपाईं/हामीले गर्नुपर्ने काम के-के हुन् ?

३. बालअधिकार प्रवर्द्धन गर्न तपाईं/हाम्रो ज्ञान, सीप, दक्षता र अख्तियारी के-के छन् ?

- हामी अधिकारका धारक हौं,
- नेपालको संविधान (२०७२) र प्रचलित कानुनले हामी बालबालिकालाई विशेष हक दिएको छ,
- अधिकारको व्यावहारिक कार्यान्वयन गर्न हामी बालबालिका र हाम्रो परिवारको सक्रियता आवश्यक हुन्छ,
- हामी बालबालिकाले आफ्नो र आफ्ना दौंतरीको अधिकार उपभोग गर्न सघाउनु पर्दछ, र
- खासगरी, हामी बालबालिकाले पनि स्थानीय तहमा बालअधिकारको स्थितिमा परिवर्तन ल्याउन सक्दछौं भन्ने आत्मविश्वास हामीलाई छ।

४. समाज विकासको दीर्घकालीन सोचलाई साकार पार्न राज्यले बालबालिकामा लगानी गर्नु आवश्यक छ, किनकि आजका बालबालिका-

- सचेत भएमा,
- शिक्षित भएमा,
- स्वस्थ भएमा,
- संरक्षित भएमा,
- सक्षम भएमा मात्र समाज, प्रदेश वा देश विकासको आधार तयार हुन्छ।

५. बालअधिकार परिपूर्ति गर्न गरिने पैरवीका क्रममा तपाईं/हामी को-को प्रति र के-के कुरामा जिम्मेवार हुनु पर्दछ ?

**मुख्यतया हामी बालबालिका निम्नलिखित पक्षहरूमा जिम्मेवार हुनुपर्दछ :**

- नेपालको संविधान र प्रचलित कानुनको व्यवस्थाप्रति जिम्मेवार हुनुपर्छ,
- तपाईं/हाम्रा आमाबुबा तथा परिवारप्रति जिम्मेवार हुनुपर्छ,
- तपाईं/हाम्रो पढाइ तथा विद्यालयप्रति जिम्मेवार हुनुपर्छ,
- तपाईं/हामी सदस्य भएको बालक्लब/सञ्जाल, बाल-पैरवी मञ्च तथा बाल-पैरवी परिषद्प्रति जिम्मेवार हुनुपर्छ, र
- बालअधिकार तथा बालसंरक्षणका लागि काम गर्ने राज्यका निकाय एवं तिनका अख्तियारी प्रति जिम्मेवार हुनुपर्छ।

## बाल-पैरवी निर्देशिकाको प्रयोग के का लागि ?

- यस निर्देशिकाले सङ्घीय तथा प्रदेश तहका बाल-पैरवी परिषद्, स्थानीय तहको बाल-पैरवी मञ्च एवं बालक्लब/सञ्जाललाई सङ्घीय, प्रदेश तथा स्थानीय तह लगायतका तीनवटै तहका सरकारका निकायसँग बालबालिकाको अधिकार प्रत्याभूतिका लागि-
  - नीतिगत व्यवस्था गर्न,
  - संरचनाको स्थापना गर्न र तिनको क्षमता अभिवृद्धि गर्न,
  - प्राथमिकता निर्धारण गरी बालअधिकारसम्बन्धी नीति, योजना तथा कार्यक्रम लागु गर्न,
  - बालअधिकार परिपूर्ति तथा बालसंरक्षणका लागि भएगरिएका राम्रा अभ्यासलाई बढावा दिन तथा समाजमा रहेका हानिकारक अभ्यासका विरुद्ध निरन्तर संवाद गर्न, र
  - विगतमा भएगरिएका वा हुन नसकेका कामकुराबारे सम्बन्धित अधिकारी वा निकायसँग प्रश्न गर्न सक्ने हुन, सघाउँदछ ।
- बालअधिकार लागु गर्न निरन्तर कार्य गरिनुपर्दछ भन्ने हामी सबैलाई थाहा भएकै कुरा हो । अधिकारका धारक (बालबालिका) को हक पूरा गर्न उत्तरदायित्व वहनकर्ता (वयस्क व्यक्ति तथा राज्यका निकाय) को खास-खास जिम्मेवारी तोकिएको हुन्छ । त्यसका बारेमा स्थानीय, प्रदेश र सङ्घीय तहका जिम्मेवार निकाय एवं अधिकारीसँग अन्तर्क्रिया र छलफल गर्नुपर्दछ । यसका लागि प्रस्तुत निर्देशिकाले तपाईँ/हामीलाई सघाउँदछ ।



**बालबालिका**

आमाबुबा, अभिभावक, शिक्षक, गाउँ/नगपालिकाका प्रतिनिधि, स्थानीय बालअधिकार समिति, स्थानीय तहका विभिन्न सरकारी निकाय वा कार्यालय प्रहरी, प्रदेश बालअधिकार समिति, राष्ट्रिय बालअधिकार परिषद्, विभिन्न मन्त्रालय, अदालत आदि ।

**अधिकारको धारकका रुपमा :**

- आफ्नो अधिकारबारे सुसूचित र जानकार छन्,
- आफ्नो अधिकारको मागदावी गर्न अभिव्यक्तिको अवसर पाएका छन्,
- बालअधिकार हनन् भएको स्थितिमा आवाज उठाउनेछन्, र
- यसबारे उजुरी गर्ने ठाउँ र आवाज सुन्ने निकाय एवम् प्रक्रिया उपलब्ध भएको हुनेछ ।

**उत्तरदायित्व बहनकर्ताको रुपमा वयस्क व्यक्ति वा निकाय**

- बालबालिकाप्रतिको आफ्नो उत्तरदायित्व बुझेका हुनेछन् र त्यसलाई स्वीकार गर्नेछन्,
- आफूलाई दिइएको उत्तरदायित्व पुरा गर्ने अख्तियारी (Authority) दिइएको हुनेछ,
- आफ्ना उत्तरदायित्व पुरा गर्न आवश्यक पर्ने आर्थिक, मानवीय तथा संस्थागत स्रोत, साधन र संरचना उपलब्ध हुनेछ ।

**सशक्तीकरण**
(Empowerment)

↔

**सवलीकरण**
(Enabling or Enhancing Capacity)

**नागरिक समाज**
(व्यक्ति र सङ्गठन ...)

त्यसैगरी, नेपालको संविधानमा बालसहभागिताको हकको व्यवस्था गरिएको छ (हेर्नुहोस् धारा-३९(३) । त्यसरी नै बालबालिकासम्बन्धी ऐन, २०७५ र अन्य प्रचलित कानुनले बालबालिकालाई- (क) परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने, र (ख) बालक्लब वा संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार दिएको छ । यसर्थ, बालसहभागिता र बालक्लबको प्रवर्द्धन गर्नु, गराउनु राज्यका निकायको कानुनी दायित्व हो । र, यस निर्देशिकाले राज्यको सोही दायित्व परिपालना गर्न, गराउन हामी कसरी सहकार्य गर्न सक्दछौं भन्ने उपायबारे उजागर गरेको छ ।

बाल-पैरवी परिषद्, बाल-पैरवी मञ्च एवं बालक्लब/सञ्जालले प्रयोग गर्नेगरी बनाइएको यो निर्देशिका स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले समेत स्थानीय तहमा बालसहभागिता प्रवर्द्धन गर्नका लागि प्रयोग गर्न सक्दछन् । यसका साथै, बालसहभागिता प्रवर्द्धन गर्न निरन्तर छलफल, अन्तर्क्रिया, अभिमुखीकरण गर्न एवं तालिमको लागि एक स्रोत-सामग्रीको रुपमा समेत यसको प्रयोग हुन सक्दछ ।

बालबालिका होऊन् कि वयस्क, सबै नै आफ्ना अधिकारबारे जागरूक हुनुपर्दछ । जागरूक हुनु भनेको आफ्नो अधिकार के हो भन्नेबारे जान्न, बुझ्न, त्यसको मागदाबी गर्न र अधिकार परिपूर्ति गराउने उत्तरदायित्व वहन गर्ने अधिकारी वा निकायलाई जिम्मेवार बनाउन घच्घच्याउनु समेत हो । अर्को शब्दमा भन्नुपर्दा, यसो गर्नु भनेको नै अधिकारको पैरवी गर्नु हो ।

देशको कानुनले अख्तियारी दिएको अधिकारी वा निकायलाई तोकिएको दायित्व पूरा गर्न, गराउन जिम्मेवार बनाउन पैरवी गरिनुपर्दछ । पहल एवं पैरवी आफैंमा परिवर्तनका प्रक्रिया हुन् ।

समग्रमा भन्नुपर्दा, यो निर्देशिकाले अधिकारका धारकका रूपमा बालबालिकालाई उनीहरूको आफ्नो अधिकार परिपूर्ति गर्ने अख्तियारी पाएका अधिकारी वा निकायसँग मिलेर त्यस्ता अधिकार परिपूर्ति गर्नका लागि पहल गर्न सक्रिय रूपमा संलग्न हुन सघाउँदछ ।



# हामी बालबालिका र सहभागितासम्बन्धी हाम्रा अधिकार

## हामी बालबालिका

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ (च)) मा 'बालबालिका' भन्नाले "१८ वर्ष उमेर पूरा नगरेको व्यक्ति" भनी परिभाषित गरिएको छ। यो परिभाषालाई अन्य कानुनले समेत स्वीकार गरेको छ।

त्यसैगरी, संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा-१ मा "१८ वर्षमुनिका व्यक्ति"लाई 'बालबालिका' भनिएको छ।

## बालसहभागिता के हो ?

बालबालिकाको बढ्दो उमेर, परिपक्वता र विकासको स्तरअनुरूप आफूसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा प्रत्यक्ष वा परोक्ष (प्रतिनिधिमार्फत) रूपमा- (क) सूचना माग्ने र पाउने हक, (ख) विचार अभिव्यक्त गर्ने हक (कतिपय अवस्थामा बालक्लबको तर्फबाट सामूहिक रूपमा विचार प्रस्तुत गर्ने समेत), र (ग) त्यसरी व्यक्त गरिएको विचारको उचित सुनुवाइ हुनु नै बालसहभागिता हो।

बालसहभागिता आफैंमा बालबालिकाको अधिकार हो । यो बालबालिकाको सक्षमता बढाउने अधिकार समेत हो । बालसहभागिताले बालबालिकालाई सक्रियरूपमा आफ्नो अधिकार मागदाबी गर्न र सो को उपभोग गर्न सक्नेगरी बलियो बनाउँदछ । सहभागी भएर बालबालिकाले देहायबमोजिमका कार्य गर्न सक्दछन् र आवश्यक सीप सिक्न सक्दछन् :

- भावना व्यक्त गर्न सक्ने,
- आवाज उठाउन सक्ने,
- बालअधिकारको मागदाबी गर्न सक्ने,
- सूचना जानकारी खोज्न, माग गर्न तथा प्राप्त गर्न सक्ने,
- निर्णय प्रक्रियामा भाग लिई आफ्नो दृष्टिकोण प्रस्तुत गर्न सक्ने,
- बालक्लब/सञ्जालमा सङ्गठित हुन सक्ने,
- वयस्कसँग मिलेर अधिकार प्राप्तिका लागि सहकार्य गर्न सक्ने,
- बालअधिकार लागु गर्न सक्रिय हुन सक्ने, र
- अधिकार कार्यान्वयन प्रक्रिया एवं प्रभावको अनुगमन, अध्ययन गर्ने लगायतका कार्य गर्न सक्ने।

## बालबालिकाको सहभागिता नैतिक एवं अर्थपूर्ण हुनुपर्दछ।

सहभागी हुनको लागि बालबालिकालाई आवश्यक पर्ने आधारभूत ज्ञान, सीप र विधि अग्रीम रूपमा नै उपलब्ध गराइनुपर्दछ । यसो गर्नु भनेको उनीहरूको सक्षमता बढाइनु हो । त्यसैगरी, आमाबुबा, परिवारका वयस्क सदस्य, शिक्षक, बालकेन्द्रित संस्था, स्थानीयदेखि सङ्घीय तहसम्मका सम्बन्धित निकाय तथा अधिकारीले बालसहभागिता बढाउन आ-आफ्नो दक्षता अभिवृद्धि गर्नुपर्दछ।



## बालसहभागिता प्रवर्द्धन गर्दा बालबालिका र वयस्कले हेक्का राख्नुपर्ने केही कुराहरू

- कसैलाई पनि भेदभाव नगरी सबै उमेर, लिङ्ग, क्षमता, आर्थिक हैसियत भएका परिवार र परिस्थितिमा रहेका बालबालिकाको समावेशी पहुँच सुनिश्चित गर्नुपर्ने,
- बालबालिकाको वर्तमान र भावी जीवनका लागि उपयोगी हुने ज्ञान, सीप र दक्षता बढाउन लक्षित हुनुपर्ने,
- बालबालिका सहभागी हुने वा गराउने निर्णय, के-कस्तो कार्यमा सहभागी गराउने एवं के-कसरी सहभागी गराउने भन्ने प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने,
- बालबालिकाले सहभागी भएर व्यक्त गरेको विचार र भावनालाई उनीहरूको बढ्दो उमेर, परिपक्वता र विकासको स्तरअनुरूप कदर गरिनुपर्ने,
- बालसहभागिता बालबालिका केन्द्रित हुनुपर्ने र समग्र प्रक्रियामा इमान्दारिता, पारदर्शिता र जवाफदेहिता झल्किनुपर्ने, र

### समग्रमा भन्नु पर्दा

बालसहभागिता बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को मार्गदर्शक सिद्धान्तमध्ये एक हो । तसर्थ, सहभागिताको विषय एवं प्रक्रिया बालबालिकाको उमेर, लिङ्ग, रूचि र क्षमताअनुरूप भए नभएको तथा त्यसले उनीहरूलाई आफ्नो समग्र अधिकार उपभोग गर्न सघाएको छ वा छैन भन्नेबारे संवेदनशील हुनुपर्दछ ।



## सहभागिताका लागि बालबालिकाको प्रतिनिधित्व गराउँदा ध्यान दिनुपर्ने कुराहरू :

(क) त्यहाँ बालबालिकाको भूमिका के हुने हो,

(ख) बालबालिकाले कुन विषय/सवालमा विचार व्यक्त गर्नुपर्ने हो,

(ग) बालक्लब/सञ्जालको प्रतिनिधित्व गरी कुनै विषयमा विचार व्यक्त गर्नुपर्ने हो भने त्यसबारे बालक्लबमा छलफल गरी तयार गरिएको बुँदाहरू के हुन्, र

(घ) बालक्लब/सञ्जालको प्रतिनिधित्व गराउँदा असमानता र विभेदबाट प्रभावित बालबालिकालाई प्राथमिकता दिनुपर्ने

(ङ) त्यहाँ सहभागी हुनको लागि के-कस्ता तयारी गर्नुपर्ने हो, यी सबै कुराहरू समेटी बालबालिकालाई अभिमुखीकरण गरिनुपर्दछ । त्यस्तो अभिमुखीकरण निज बालिका वा बालक सहभागी हुनका लागि प्रतिनिधिको रूपमा छानिएलगत्तै गरिनुपर्दछ । यस्तो अभ्यास आफैंमा नैतिक एवं अर्थपूर्ण बालसहभागिताको एक महत्वपूर्ण पक्ष हो ।






## बालसहभागितासम्बन्धी हाम्रा संवैधानिक एवं कानुनी अधिकार...

## नेपालको संविधान (२०७२)

- नेपालको संविधान (२०७२) को धारा १६ देखि ४८ सम्म नागरिकका मौलिक हक र कर्तव्यबारे उल्लेख गरिएको छ । धारा ३९ मा बालबालिकाको विशेष हकको व्यवस्था गरिएको छ र उपधारा (३) मा 'प्रत्येक बालबालिकालाई बालसहभागिताको हक हुनेछ' भन्ने व्यवस्था छ ।
- त्यसरी नै, नेपालको संविधानमा गरिएको देहायका व्यवस्था समेत बालसहभागिताको हकसँग सान्दर्भिक हुन्छन् :
  - ♦ प्रत्येक नागरिकलाई 'विचार र अभिव्यक्तिको स्वतन्त्रता, 'विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता', 'सङ्घ र संस्था खोल्ने स्वतन्त्रता' लगायतका स्वतन्त्रता हुने (धारा १७),
  - ♦ 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार... लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न, पाइने' (धारा १९),
  - ♦ 'प्रत्येक नागरिक (बालबालिका समेत) लाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने' (धारा २७) *(तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचना दिन बाध्य नहुने)*, आदि ।

## बालबालिकासम्बन्धी ऐन, २०७५

- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नको लागि यो ऐन लागु गरिएको हो भनी ऐनको प्रस्तावनामा नै उल्लेख गरिएको छ ।
- आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ (दफा ८) ।
- अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको अधिकार (दफा ९): (१) प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।

  (२) प्रत्येक बालबालिकालाई प्रचलित कानुनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ ।
- प्रत्येक बालबालिकालाई बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ (दफा १० को उपदफा (१) ।
- अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुनेछ (दफा १२ (२) ।

- बालबालिकालाई ‘राष्ट्रिय मापदण्डअनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वताअनुसार शरीर, प्रजनन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार हुनेछ (दफा १३(२) ।
- प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूचि र आवश्यकताअनुसार- (क) खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार, (ख) बालमैत्री मनोरञ्जन गर्ने अधिकार, र (ग) आफ्नो हित प्रतिकूल नहुनेगरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्थाअनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ (दफा १४ (१)(३)(४) ।



- बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ (दफा १६ (१)) ।
- कसैले बालबालिकाको अधिकार (बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३ देखि १५ सम्म व्यवस्था भएका) उल्लङ्घन गरेमा र बालबालिकाप्रतिको दायित्व (बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६ देखि १९ सम्मको व्यवस्था) पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनका लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले बालबालिका रहेबसेको स्थानीय तहको न्यायिक समितिमा निवेदन दिन सक्नेछ (दफा ६४ (१)) र 'निवेदन परेको तीस दिनभित्र बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न स्थानीय तहका सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिनेछ (उपदफा २) ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बालसहभागिता

- गाउँपालिका वा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, ......महिला, ... बालबालिका, ... युवा, ... अपाङ्गता भएका व्यक्ति, ... लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्नेछ (दफा २४ (५)) ।

*(नोटः 'नगरपालिका' भन्नाले उपमहानगरपालिका र महानगरपालिका समेत बुझ्नुपर्दछ ।)*

- त्यसैगरी ऐनमा, ... कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम हुनेगरी तोक्नुपर्नेछ (दफा १२ (२)):

### (ग. विकास कार्य)

(१) बाल उद्यानको व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र, सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बाल-सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तर विद्यालय तथा क्लबमार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने, आदि ।

## बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

*(सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०७८ असार २७ मा स्वीकृत)*

### बालमैत्री स्थानीय शासनका 'बालसहभागिता' सम्बन्धी न्यूनतम सूचकहरू

- स्थानीय तहमा समावेशी आधारमा बालसञ्जाल गठन भई क्रियाशील (न्यूनतम वार्षिक तीनवटा बैठक, तीनवटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् (नं. ३१, ९५ प्रतिशत पूरा गर्नुपर्ने)।
- स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बालक्लब गठन भई क्रियाशील (न्यूनतम वार्षिक तीनवटा बैठक, तीनवटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् (नं. ३२, ९५ प्रतिशत पूरा गर्नुपर्ने)।
- पाँच कक्षाभन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ (नं. ३३, १०० प्रतिशत पूरा गर्नुपर्ने)।
- स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व रहनेछ (नं. ३४, १०० प्रतिशत पूरा गर्नुपर्ने)।
- स्थानीय तहमा रहेका बालबालिकासम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ (नं. ३५, ९० प्रतिशत पूरा गर्नुपर्ने)।
- बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् (नं. ३६, १०० प्रतिशत पूरा गर्नुपर्ने)।

## संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को व्यवस्था

- आफ्नो विचार व्यक्त गर्ने र त्यसको सम्मान पाउने बालअधिकार (धारा १२)
- सुचना जानकारी र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी बालअधिकार (धारा १३)
- संघसंस्था खोल्न पाउने अधिकार (धारा १५)
- आमसञ्चारका माध्यमबाट सुचना जानकारी पाउने बालअधिकार (धारा १७)

## हाम्रो संविधान तथा कानुनले हामी बालबालिकाबाट राखेका केही अपेक्षा

*(यसलाई बालबालिकाबाट राज्यले आशा राखेको कुरा भनेर समेत बुझ्न सकिन्छ)*

आमा, बुबा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ (बालबालिकासम्बन्धी ऐन, २०७५, दफा ७७)।

## त्यसैगरी हामी बालबालिकाले देहायका कुराहरूलाई पालना गर्नुपर्दछ :

- सम्मानपूर्वक बाँच्न पाउने अरूहरूको हकको मर्यादा राख्नुपर्दछ।
- सबैसँग समान व्यवहार गर्नुपर्दछ।
- कसैलाई पनि जात, धर्म, पारिवारिक पृष्ठभूमि, भौगोलिक बसोबास, बालबालिका वा उनका आमाबुवाको अपाङ्गता एवं अन्य कुनै पनि आधारमा भेदभाव गर्नु हुँदैन।
- कसैलाई पनि जिस्क्याउने, हेप्ने तथा अमानवीय व्यवहार गर्नु हुँदैन।
- कसैलाई पनि शारीरिक वा मानसिक हिंसा, दुर्व्यवहार तथा शोषण गर्नु हुँदैन।
- आमाबुवावा परिवारका सदस्यसँग सरसल्लाह नगरी घरपरिवार छाडेर भागी हिँड्नु हुँदैन।
- कुलतमा फँस्ने एवं आफूलाई हानि हुने कुनै काम वा व्यवहार गर्नु हुँदैन।
- कानुनले तोकेको उमेर (२० वर्ष) नपुगी आफूखुशी, आमाबुबा वा अरू कसैको करकापमा परी विवाह गर्नु हुँदैन।
- आफू वा आफ्ना कोही साथी कुनै जोखिम/समस्यामा परेमा सो को जानकारी आफूले विश्वास गर्ने नजिकको वयस्कलाई तुरुन्त दिनुपर्दछ।
- अपाङ्गता भएका आफ्ना साथीहरूलाई विशेष हेरचाह गर्न, उनीहरूसँग घुलमिल हुन तथा मनोरञ्जनको अवसर दिलाउन सहयोग गर्नुपर्दछ। उनीहरूलाई सम्मानपूर्वक बाँच्न सघाउनुपर्दछ।
- **सबैको** गोपनीयताको हकको सम्मान गर्नुपर्दछ। कानुनले कसैको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषय (चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने कुरा) मा गोपनीयता राख्नुपर्दछ, भनेको छ। हामीले त्यस्ता व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियो आदि (सार्वजनिक रूपमा) प्रचारप्रसार गर्नु हुँदैन।
- घरपरिवार तथा समाजमा आफूभन्दा साना उमेरका बालबालिकालाई माया गर्नुपर्दछ र उचित मार्गदर्शन दिनुपर्दछ।
- आफ्नो विचार अभिव्यक्त गर्दा, शान्तिपूर्वक भेला हुँदा र बालक्लब/सञ्जालमा सामेल भई काम गर्दा अरूको अधिकारमा बाधा पुऱ्याउन हुँदैन।
- आफू रहने वातावरण स्वच्छ र सफा राख्नुपर्दछ। सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्दछ।
- आफ्नो स्वास्थ्यको उचित ख्याल राख्नुपर्दछ। पोसिलो एवं सन्तुलित खानेकुरा खानुपर्दछ। अनि, आफ्नो र अरूको स्वास्थ्यमा समस्या आउन सक्ने खालका कुनै काम गर्न हुँदैन।

- आधारभूत तहसम्मको शिक्षा अनिवार्य रूपमा पूरा गर्नुपर्दछ । अनि, माध्यमिक तथा उच्च तहसम्मको शिक्षा पाउने हकको सदुपयोग गर्नुपर्दछ । आफ्नो भविष्यको लागि उपयोगी हुने शिक्षा एवं तालिमको अवसर लिनुपर्दछ ।
- आफ्नो भाषा, संस्कृतिको सम्मान गर्नुपर्दछ । समुदायको सांस्कृतिक क्रियाकलापमा भाग लिने, आफ्नो उमेर र रूचिअनुसारको खेल खेल्ने अनि मनोरञ्जनमा सहभागी हुनुपर्दछ ।

'बालबालिकाको अधिकार हामी सबै नै जिम्मेवार', पुस्तिका

*प्रकाशक: एसओएस बालग्राम नेपाल, मध्यपुर-२, थिमी को पेज नं. ४२ र ४३* को आधारमा तयार गरिएको



**खण्ड ग :**

# पैरवीको अवधारणा तथा बालअधिकार पैरवीका चरण

## पैरवी के हो ?

- कुनै विषय/सवालमा समालोचनात्मक दृष्टिकोण राखी सो विषयको उजागर, उठान वा समर्थन गर्ने उद्देश्यले निश्चित अवधिसम्म निरन्तर गरिने कार्य नै पैरवी हो। पैरवीलाई 'वकालत' पनि भनिन्छ।
- अर्को शब्दमा भन्दा, 'पैरवी' भनेको कुनै विषय/सवालबारे निश्चित लक्ष्यसम्म पुग्न रणनीतिक योजना सहित गरिने चरणबद्ध कार्य हो।



- अख्तियारी भएका वा जवाफदेही (Accountable) व्यक्ति, अधिकारी वा निकायको आवश्यक ज्ञान, सीप र दक्षता बढाएर पहिचान गरिएको विषय/सवालमा कार्य गर्न सक्ने बनाउने कुरा समेत पैरवीअन्तर्गत पर्दछ।
- त्यस्तै, पहिचान गरिएको विषय/सवालको आधारमा जिम्मेवार व्यक्ति, अधिकारी वा निकायको सक्षमताको स्तरअनुरूप पैरवीको ढाँचा फरक-फरक हुन सक्दछ।
- तथापि, पैरवीको मुख्य लक्ष्य भनेको अधिकारको स्थितिमा अपेक्षित सकारात्मक परिवर्तन ल्याउन सघाउनु नै हो।

## बालअधिकार पैरवी भनेको के हो ?

- प्रचलित कानुनमा व्यवस्था भएका बालबालिकाका अधिकारलाई उमेर, लिङ्ग, अपाङ्गता भएका, जातजाति, धर्म, पारिवारिक पृष्ठभूमि, भौगोलिक बसोबास लगायत कुनै पनि आधारमा भेदभाव नगरी सबै बालबालिकालाई प्रदान गर्न, गराउनको लागि जिम्मेवार व्यक्ति, अधिकारी वा निकायसमक्ष पहल गर्नु बालअधिकार पैरवीको मुख्य लक्ष्य हो।
- विशेष संरक्षणको आवश्यकता भएका, जोखिमी अवस्थामा रहेका तथा आधारभूत अधिकारबाट वञ्चित भएका बालबालिकाको खास-खास अधिकार प्राप्तिका लागि राज्यका निकाय वा अधिकारीसमक्ष व्यवस्थित रूपमा आवाज उठाई उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन बाल-पैरवीले सघाउनुपर्दछ।
- साथै बालअधिकार पैरवीले नीति-निर्माता एवं उत्तरदायित्व वहनकर्तालाई देहायका काम गर्न सघाउँदछ :

  (क) समाजमा सबै बालबालिकाको अधिकार पूरा गर्न आवश्यक नीतिगत व्यवस्था गर्न,

  (ख) बनेका नीति, कानुनमा आवश्यकताअनुसार परिमार्जन गरी बालअधिकारको स्थितिलाई सम्बोधन गर्न सक्ने बनाउन,

  (ग) विद्यमान नीति, रणनीति तथा कार्यक्रमलाई व्यवहारमा कार्यान्वयन गर्न, गराउन,


  (घ) बालअधिकार परिपूर्तिलाई खासगरी जोखिम अवस्थामा रहेका बालबालिकाको हकमा सार्थक बनाउनको लागि सकारात्मक प्रभाव पार्न (Influence), र,

  (ङ) बालअधिकारको सिद्धान्तसँग मेल नखाने अभ्यासलाई फेर्न सम्बन्धित अधिकारी वा निकायसँग आवाज उठाउन।

- अर्को शब्दमा पैरवीलाई बुझ्दा यो अधिकार परिपूर्तिका लागि सधाउने सामूहिक रणनीति हो । बालबालिका, किशोर-किशोरी, उनीहरूको परिवार र समुदायसँग काम गर्ने तथा उपलब्ध सूचना जानकारीको रणनीतिक रूपमा प्रयोग गरी बालअधिकारको-
    - सम्मान, संरक्षण र परिपूर्ति गर्ने नीति, कानुन तर्जुमा गर्न,
    - नीति, कानुन, संस्था तथा अभ्यासमा परिवर्तन ल्याउन, र
    - स्रोत (संस्थागत संरचना, मानव स्रोत र भौतिक स्रोत समेत) को विनियोजन तथा व्यवस्थापन गर्न, गराउन गरिने चरणबद्ध, व्यवस्थित एवं लक्षित कार्यहरू भनी बुझ्न सकिन्छ ।




माथिको छलफलको आधारमा बालअधिकार पैरवीको आवश्यकताबारे देहायअनुसार सार खिच्न सकिन्छ ।




## बालअधिकार पैरवी गरिँदा देहायका कुरामा ध्यान दिइनुपर्दछ :

- बालअधिकारबारे जानकारी, ज्ञान र सचेतीकरण हुनुपर्दछ ।
- जिम्मेवार व्यक्ति, अधिकारी वा निकायको अख्तियारी र त्यसलाई पूरा गर्न सक्नेगरी क्षमता अभिवृद्धि भएको हुनुपर्दछ ।
- बालबालिकाको अधिकार परिपूर्तिका लागि प्रत्यक्ष सेवाको सुनिश्चितता गरिनुपर्दछ ।
    - ♦ बालअधिकार पैरवीको लागि वास्तविक घटना विवरण, तथ्य/तथ्याङ्क, प्रमाण र प्रभावित बालबालिकालाई आवश्यक पर्ने सहयोग यकिन गरिनुपर्दछ ।
    - ♦ बालअधिकार पैरवीको सिकाइ एवं अनुभवका अभिलेखीकरण तथा आवश्यकताअनुसार अध्ययन-अनुसन्धान गरी निरन्तर ज्ञानको अभिवृद्धि गरिनुपर्दछ ।



## पैरवीको तीन श्रृङ्खला

**सामान्यतया बालअधिकार पैरवीका तीन श्रृङ्खला हुन्छन्**


श्रृङ्खला -१ : पैरवीको पहिलो वा सुरुवाती श्रृङ्खला- (यस श्रृङ्खलाबारे तल विस्तृत रुपमा नौ ओटा चरणसहित चर्चा गरिएको छ) ।

श्रृङ्खला -२ : पैरवीको दोस्रो श्रृङ्खलामा पहिलो श्रृङ्खलामा बालअधिकार पैरवी गर्दा प्राप्त अनुभवसमेतका आधारमा पैरवीको रणनीतिमा आवश्यक परिमार्जन गरी पुनः पैरवी कार्य अगाडि बढाइन्छ ।

श्रृङ्खला -३ : पैरवीको तेस्रो श्रृङ्खलामा पैरवीको लक्ष्य प्राप्तिका लागि लक्षित गरिएको अधिकारी वा निकायसँग सम्झौता (Negotiation) गरी अधिकतम प्राप्तिलाई केन्द्रविन्दुमा राखी पैरवी कार्य गरिन्छ ।

# पैरवीका चरणहरू

पैरवीको पहिलो वा सुरूवाती श्रृङ्खलाका मुख्य चरणलाई देहायको चित्रमा देखाइएको छ :




## अब, पैरवीको पहिलो श्रृङ्खलाका ९ ओटा चरणबारे छलफल गरौं।

### चरण-१: बाल-पैरवीले अपेक्षा गरेको दीर्घकालीन परिवर्तनबारे दूरदृष्टि (Vision) बनाऔं।

- हाम्रो बाल-पैरवीको लक्ष्य तय गरौं।
- हाम्रो बाल-पैरवीका कारणले बालबालिकाको अधिकार उपभोगको स्थितिमा परिवर्तन भएको कुरा कल्पना गरौं। हामीले अपेक्षा गरेको उपलब्धि प्राप्त भएको समाचार समाचारपत्रमा छापिँदा के शीर्षकका साथ छापिने होला भनी एकपल्ट सोचौं न। त्यसअनुसार पैरवीको दूरदृष्टि तय गरौं।
- हामीले गर्ने बाल-पैरवीका उपलब्धिबारे बालअधिकार अभियानमा जोडिएका अन्य व्यक्तिहरूले के कस्तो प्रतिक्रिया जनाउलान्, त्यसबारे सोचौं।
- बाल-पैरवीको लक्ष्य हासिल गर्न दृढ भई रणनीतिक योजना सहित लक्ष्यमा केन्द्रित होऔं।

### चरण-२: बालअधिकार पैरवीले लक्षित गरेको समस्या र त्यसको समाधानका उपायबारे विश्लेषण गरौं।

- बाल-पैरवी गर्न छानिएको समस्याको मुख्य जड केलाऔं।
- के गरिएमा समस्यालाई सम्बोधन गर्न सकिन्छ होला भनी विकल्प खोजौं।
- समस्या समाधान गर्न मुख्य जिम्मेवार व्यक्ति, अधिकारी वा निकायको पहिचान गरौं।
- भविष्यमा यस्तै समस्या दोहोरिन नदिन अहिले नै के गर्नुपर्छ भनी छलफल चलाऔं।

## बाल-पैरवीका सवालको पहिचान के-कसरी गर्ने त ?

सबै बालबालिकाको आधारभूत अधिकार प्रत्याभूत गर्ने कुरामा बालअधिकार पैरवी लक्षित हुनुपर्दछ भन्ने कुरा हामीले माथि पनि भनिसक्यौं, त्यसैले-

- बालअधिकारको जुन विषय/समस्यालाई सम्बोधन गर्न पैरवी गरिन्छ, त्यही नै पैरवीको सवाल हो, जसमा -
  - अधिकारबाट वञ्चित बालबालिकाको कुनचाहिँ अधिकार हनन भएको हो त्यो विषय,
  - समुदायका बालबालिका तथा आम-अभिभावकको मुख्य चासोको विषय,
  - बालअधिकारको सार्वजनिक बहस र चर्चामा आएका विषय,
  - बालअधिकारका सम्बन्धमा खासै बहसमा नआई ओझेलमा परेको विषय, आदि ।



## बाल-पैरवीका लागि सवाल छनौट कसरी गर्ने त ?

- बालअधिकारको खास पक्ष, विषय वा समस्याको अभिलेखीकरण गर्ने, समस्याको प्राथमिकीकरण गर्ने,
- समस्याका मूल कारण पत्ता लगाउने (के कारणले गर्दा उक्त समस्या आएको होला त ?)
- सवालको वर्गीकरण-
  - नीति, कानुन निर्माणसँग सम्बन्धित सवाल,
  - नीति, कानुनमा संशोधन वा सुधार गर्नुपर्ने विषयसँग सम्बन्धित सवाल,
  - विद्यमान नीति, कानुनको प्रभावकारी कार्यान्वयनसम्बन्धी सवाल, आदि ।
- सवालसँग सम्बन्धित अधिकारी वा निकाय (मुख्य उत्तरदायित्व वहनकर्ता) को पहिचान र प्रारम्भिक सम्पर्क गर्ने वा समन्वय कायम गर्ने ।

### चरण-३: बाल-पैरवीको सवालसँग सम्बन्धित बाह्य परिप्रेक्ष्यको विश्लेषण गरौं ।

- हाम्रो बाल-पैरवीमा के-कस्ता अवसर तथा चुनौतीहरू छन्, केलाऔं ।
- बाल-पैरवीका साझेदार तथा सरोकारवाला को-को हुन् ? उनीहरूले बालअधिकार पैरवीमा के-कस्तो चासो राख्दछन् ? क-कसले चासो राख्दछन् र क-कसले राख्दैनन्, विश्लेषण गरौं ।
- हाम्रो बाल-पैरवीको सवालमा पहिले पनि कसैले पैरवी गरेको भए त्यसबेला के-के हासिल गरियो वा गर्न सकिएन ? अनि, त्यसबेला के-के कुरामा बाधा अडकाउ परेको थियो सो बारेमा अध्ययन गरौं ।
- सरोकारवालामध्ये को बढी शक्तिशाली र को कम शक्तिशाली छन् भनी विश्लेषण गरौं । शक्ति सम्बन्धको विश्लेषण गर्दा हामीले चाहेको अपेक्षित परिवर्तन ल्याउने क्षमता कुन अधिकारी वा निकायसँग छ भनी पहिचान गरौं । यसो गर्दा-
  - शक्तिका विभिन्न आयाम (पदीय हिसाबले शक्तिशाली, ज्ञान/विज्ञताको कारणले शक्तिशाली, धनसम्पत्ति/उद्योग प्रतिष्ठान भएको कारणले शक्तिशाली, जिम्मेवार अधिकारी/निकायको विश्वास जित्न सकेकोमा शक्तिशाली रहेको आदि) केलाएर हेरौं ।
- बाल-पैरवीको सवालमा मुख्य सरोकारवालाको क्षमता विश्लेषण गरौं । मुख्य सरोकारवालाबारे विश्लेषण गर्दा देहायका कुरा खोजी गर्नु आवश्यक हुन्छ-
  - अभियानमा समेटिनुपर्ने सदस्य को-को हुन् ?
  - **लक्ष्य:** पैरवीले के कुरा प्राप्त गर्न वा प्रभाव पार्न खोजिएको छ ?
  - **सहयोगी:** पैरवीको उद्देश्य प्राप्त गर्न हाम्रा अभियानमा समर्थन गर्नेहरू को-को हुन् ?
  - **विरोधी:** बालअधिकार पैरवीको प्रक्रिया एवं लक्ष्यमा विरोध वा अवरोध सिर्जना गर्न सक्ने को-को हुन सक्दछन्, आदि ।

- पैरवीको मुख्य विषयबारे विद्यमान नीति, कानुनमा के-कस्तो व्यवस्था गरिएको छ ? केलाऔं ।
  - विद्यमान नीति, कानुन कार्यान्वयनको अवस्था के-कस्तो रहेको छ ? नीति, कानुन कार्यान्वयन गर्न के-कस्ता रणनीति अपनाउन सकिन्छ ?
  - विद्यमान नीति, कानुन कार्यान्वयन गर्न जिम्मेवार अधिकारी वा निकायको क्षमता अभिवृद्धि गरिनुपर्ने भएमा त्यसको लागि के-कस्तो रणनीति अपनाउनु पर्ला ?
  - बालअधिकार पैरवीले लक्षित गरेको सवाललाई के-कसरी नीति निर्माणको एजेन्डामा समावेश गर्न सकिएला ?
- बाल-पैरवीको सवाललाई आमसमुदायको चासोको विषय कसरी बनाउन सकिएला, सो बारेमा छलफल गरौं ।
- पैरवीले ल्याउने सकारात्मक परिवर्तनका बारेमा बताउँदै जिम्मेवार अधिकारी वा निकायलाई सो कार्यमा सहयोग पुऱ्याउन प्रेरित गर्नुहोस् ।

## बाल-पैरवीका लागि बालअधिकारसम्बन्धी विद्यमान नीतिको विश्लेषण गर्नु आवश्यक पर्दछ

### त्यसो गर्दा देहायबमोजिमका कार्य गरिनुपर्दछ-

- बालअधिकार पैरवीको सवालसँग सम्बन्धित नीति, कानुनको सङ्कलन तथा विश्लेषण गर्ने,
- बालअधिकार पैरवीको सवालसँग सरोकार राख्ने मुख्य व्यक्ति, संस्था तथा निकाय (हरू) को पहिचान गर्ने र तिनको क्षमता विश्लेषण गर्ने,
- नीति, कानुनको कार्यान्वयनको स्थिति विश्लेषण गर्ने,
- नीति, कानुनको सम्बन्धमा स्वतन्त्र अध्ययन विश्लेषण भएको भए त्यसबाट प्राप्त निचोडलाई सूचीबद्ध गर्ने,
- नीति, कानुनमा संशोधन आवश्यक भएमा त्यसको खाका तयार गर्ने,
- नीति, कानुनको व्यावहारिक कार्यान्वयन गर्न अवलम्बन गरिनु पर्ने विकल्पको सूची बनाउने,
- जिम्मेवार अधिकारी वा निकाय (वा राज्यका संरचना) को बालअधिकार प्रत्याभूतिका लागि आवश्यक क्षमता, स्रोत तथा प्रक्रियागत कठिनाइबारे विश्लेषण गर्ने, आदि ।

## चरण-४: बाल-पैरवी मञ्च/परिषद तथा सहयोगी संस्थाको आन्तरिक क्षमता विश्लेषण गरौं।

- तय गरिएको पैरवीको मुख्य विषयका सबल तथा कमजोर पक्ष के-के छन्, केलाऔं।
- के हामीले तय गरेका बालअधिकार पैरवीमा मुख्य सरोकारवालाले समर्थन जनाउँदछन् ? के हामीले केही नयाँ, अरूलाई चित्त बुझ्ने/मन छुने विषय उठाएका छौं ? समग्र रूपमा हेरौं।
- तय गरिएको सवालमा पैरवी गर्न हाम्रा सीप, दक्षता तथा अनुभव के-कस्ता रहेका छन्, विश्लेषण गरौं।
- हाम्रो पैरवी कार्य वास्तवमा नै अधिकार पूरा गर्न, गराउन केन्द्रित छ कि छैन ? नभए त्यो हामीलाई सघाउने संस्था/दाताको प्रतिष्ठाको विषय मात्रै हो त ? त्यसबारे स्पष्ट होऔं।
- विगतका हामीले गरेको कामको कारण उक्त सवालमा पैरवी गर्न हामीले वैधता पाएका हौं ? नभए अरू के कुराले हामीलाई पैरवी गर्न वैधता दिएको हो, सो को मनन गरौं।



## हेक्का राखौं

- पैरवीको सवाल, प्रक्रिया, रणनीति तथा अपेक्षित परिवर्तनबारे बाल-पैरवी परिषद्, बाल-पैरवी मञ्च तथा बालक्लब/सञ्जालका सबै सदस्यको समान बुझाइ हुनु आवश्यक छ।
- यदि कोही-कसैको फरक मत भएमा त्यसबारे छलफल गरी साझा एवं स्वीकार्य निर्णयमा पुग्नुपर्दछ।



### चरण-५: अध्ययन अनुसन्धान गरौं।

- पैरवीका सवाललाई मान्यता दिलाउन तथ्यपरक प्रमाणको खाँचो पर्दछ, त्यो जुटाउनका लागि देहायबमोजिमका कार्य गरौं-
  - ♦ तथ्य/तथ्याङ्कको सङ्कलन एवं विश्लेषण गरी स्थितिबारे यथार्थ चित्र तयार पारौं,
  - ♦ नीति, कानुन, समस्याको वास्तविक स्थिति, बाल-पैरवीको सवालले बालबालिकाको जीवनमा पारेको असर, बालबालिकाले अधिकार पाएको खण्डमा समाज रूपान्तरणमा त्यसले पार्ने सकारात्मक प्रभाव आदिका बारेमा अध्ययन अनुसन्धान गरौं,
  - ♦ विभिन्न सवालमा भए गरिएका (खासगरी सरकारी निकायले गरेको) स्थिति विश्लेषणलाई पैरवीको सन्दर्भमा उपयोग गरौं,
  - ♦ कुनै उदाहरणीय कार्य अन्य कुनै समुदाय, गाउँ/नगरपालिका, जिल्ला (वा अन्य कुनै देश) मा भएका भए त्यसलाई समेत सन्दर्भका रूपमा लिऔं, आदि।

### चरण-६: हामीले बाल-पैरवी गर्ने तौरतरिका तथा त्यसले ल्याउने परिवर्तनबारे विचार गरौं।

- नीति निर्मातासँग संवाद गर्न हामी कत्तिको सक्षम छौं र उनीहरूलाई पैरवीको सवालमा कत्तिको प्रभावित पार्न सक्दछौं भन्नेबारेमा विश्लेषण गरौं।
- नीति, कानुनको अध्ययन तथा विश्लेषण गरी नीति निर्माता, जिम्मेवार अधिकारी वा निकाय-समक्ष (बैठक, अन्तर्क्रिया, गोष्ठीमार्फत) प्रस्तुति गर्न हामी कत्तिको सक्षम छौं भन्नेबारे विश्लेषण गरौं।

- हामी बाल-पैरवीको सवाललाई-
    - अभियानको विषय बनाई,
    - आमसञ्चार र नव-सञ्चार (सामाजिक सञ्जाल) को उपयोग गरी,
    - बाल-पैरवीको विषयलाई आमसमुदायको चासोको मुद्दा बनाई,

  सार्वजनिक बहसको विषय बनाउन सक्दछौं कि सक्दैनौं भनी विश्लेषण गरौं।
- अपेक्षित उपलब्धि प्राप्त गर्ने हाम्रा रणनीति के हुन्, हामी के गर्दैछौं (अर्थात अहिलेको अवस्थाबाट अपेक्षित परिवर्तनसम्म पुग्न गरिनुपर्ने क्रमबद्ध क्रियाकलाप), सो को रोडम्याप तयार गरौं-
    - बाल-पैरवीमा सघाउने सरोकारवालाले के-कस्ता कार्य/क्रियाकलाप गर्नुपर्दछ ?
    - हाम्रा प्रत्येक कार्य/क्रियाकलापले समग्र पैरवी लक्ष्यमा के-कसरी सघाउँदछन् ?
    - हाम्रो बाल-पैरवीले बालअधिकारको दीर्घकालीन स्थितिमा के प्रभाव पार्छ होला त ?
- बाल-पैरवीका लागि तय गरिएका कार्य/योजनालाई मार्गदर्शकका रूपमा लिई बाल-पैरवीको कार्य-प्रक्रिया अघि बढ्दै जाँदा तिनमा आवश्यक परिमार्जन गर्नुहोस्।

## चरण-७: बालअधिकार उल्लङ्घनबाट पीडित बालबालिकालाई समेत बालअधिकार पैरवीमा संलग्न गराऔं।

- बाल-पैरवीको एक अहम् मुद्दा भनेको कसले कसको हकमा पैरवी गर्न सक्दछ, भन्ने हो।
- बाल-पैरवीको विषयअनुरूप भएमा र त्यो मुद्दा बालबालिकाको सर्वोत्तम हितअनुकूल भएमा पीडित प्रभावित बालबालिकालाई पनि पैरवीमा संलग्न गराउनु महत्वपूर्ण हुन्छ। तर त्यसो गर्दा, सम्भाव्य जोखिम कम गर्ने, पर्याप्त तयारी गर्ने र पीडित-प्रभावितको आत्मसम्मानबारे संवेदनशील होऔं।
- हामीले गरिरहेको बाल-पैरवीमा सामेल हुन नचाहने तर बालअधिकारका क्षेत्रमा क्रियाशील संस्था वा निकायलाई पनि बाल-पैरवीका गतिविधिबारे निरन्तर जानकारी दिइराखौं।

## चरण-८: बाल-पैरवीको मुख्य सन्देश तथा अपेक्षित परिवर्तनका लागि मुख्य सुझाव तयार गर्नुहोस्।

- बालअधिकार पैरवीको लक्ष्य/ध्येय/उद्देश्यअनुरूप मुख्य सन्देश (वा नारा जसले अपेक्षित परिवर्तनबारे बोल्दछ) के हो, तय गर्नुहोस्।
- बालअधिकार पैरवीले तत्काल र दीर्घकालमा ल्याउन खोजेको परिणाम के हो, विश्लेषण गर्नुहोस्।
- बालअधिकार पैरवीका परिणाम प्राप्त गर्न लक्षित मुख्य एवं सिलसिलेबार क्रियाकलाप निर्धारण गर्नुहोस्।
- बालअधिकार पैरवीका प्रक्रिया तथा प्राप्ति (वा सफलता) लाई मापन गर्ने सूचकहरू तयार गर्नुहोस्, आदि।

## बाल-पैरवी रणनीतिको तयारी गर्दा ध्यान दिनु पर्ने कुराहरू :

- बाल-पैरवीको अन्तिम लक्ष्य एवं उद्देश्य निर्धारण,
- बाल-पैरवीमा सहकार्य, सहयोग गर्ने र विरोध गर्ने शक्तिहरूको पहिचान,
- बाल-पैरवीमा उठाइएको विषय/सवालबारे अभिमतको दायरा निर्धारण, आदि।

बालअधिकार पैरवीका क्रममा आउनसक्ने जोखिमको आङ्कलन गरौं र तिनलाई न्यूनीकरण गर्न रणनीतिक योजना लागू गरौं। खासगरी बालअधिकार पैरवी गर्दा-

- बालअधिकार पैरवीको प्रक्रियाले संलग्न बालबालिकामाथि हुनसक्ने जोखिम
    - अधिकारी वा निकायका कर्मचारीले बालबालिकालाई महत्व नदिने,
    - कसैको उक्साहटमा पैरवी गरेको आरोप लगाउन सक्ने,
    - "कस्ता कस्ता कहाँ गए मुसाको छोराछोरी दरबार", "तिमीहरूले केही गर्न सक्दैनौं" भनी बालबालिकालाई हतोत्साहित गर्ने पनि हुन सक्दछन्।
- बालसंरक्षणसँग सम्बन्धित जोखिम-
    - खासगरी बालबालिकाको वास्तविक घटनाको आधारमा गरिने बालअधिकार पैरवीमा पीडित वा प्रभावित बालबालिका थप संरक्षणको जोखिममा पर्न सक्ने,
    - बालअधिकार पैरवीमा संलग्न बालबालिकामाथि भेदभाव, हिंसा, दुर्व्यवहार, शोषणलगायतका हानि हुन सक्ने जोखिम, आदि समेत हुन सक्दछ।

बालअधिकार पैरवीमार्फत उठाइएका कतिपय सवाल खासगरी सरकारका लागि विवादास्पद हुने तथा आलोचना गरिएको जस्तो हुने हुन्छ। त्यस्ता विषय कहाँ र कसरी उठाउने भन्नेबारे ध्यान पुऱ्याउनुपर्दछ।

## चरण-९ : पैरवीको रणनीति एवं कार्य-प्रक्रियाको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरौं।

- योजना गरिएको रणनीति, कार्ययोजना तथा क्रियाकलापको कार्यान्वयन के-कसरी गरियो ? के कस्ता समस्या वा चुनौती आए, तिनको सम्बोधन के-कसरी गरियो, भन्नेबारे अभिलेख तयार गरौं।
- बाल-पैरवीको मुख्य प्रक्रिया एवं प्रगति के-कस्तो रह्यो, त्यसको तथ्यपरक विश्लेषण गरौं।
- बाल-पैरवीबाट अपेक्षित परिणाम प्राप्त भएको होस् वा नहोस्, दुवै खाले स्थितिमा बालअधिकार पैरवीको चरणमा के-कस्ता अवसर रहे, समग्रमा कस्तो सिकाइ रह्यो भन्ने कुरा केलाऔं।

- भविष्यमा यस्तै खालको बाल-पैरवी गर्दा के चाहिँ फरक रूपमा गर्नुपर्ला, स्पष्ट मार्गचित्र तयार गरौं ।
- पैरवी गर्दा बुझ्नुपर्ने कुरा भनेको 'हाम्रो पक्ष' र 'विपक्ष' सँधै एकै ठाउँमा र एकै प्रकारको सोचका साथ रहँदैनन् । हामीले विपक्ष ठानेकालाई पनि हाम्रा सवालबारे राम्ररी सम्झाउन, बुझाउन सकियो भने त्यो हाम्रो पक्ष बन्न सक्दछ । यसरी विपक्षको मन जित्न सक्नु भनेको बालअधिकार पैरवी वा अभियानले आधा सफलता हासिल गर्नु हो ।
- सामान्यतया समाजमा 'तटस्थ' को जमात ठूलो हुन्छ, जसले सुरुवातमा न हाम्रो पक्ष लिने इच्छा देखाउँछन्, न त खुलेर हाम्रो विरोध नै गर्दछन् । यही जमातलाई राम्ररी बुझाउन सकियो भने पैरवी कार्य सहज हुन्छ । कतिपय अवस्थामा तटस्थ जमाज एकदम शान्त अवलोकनकर्ता (Silent observer) भएर बसेको हुन्छ र जुन पक्षले जित्ने स्थिति देखा पर्न थाल्दछ त्यतैको पक्षमा त्यो जमात उभिन्छ । त्यसैले, यो पक्षलाई पैरवीको मुख्य पक्षबारे स्पष्ट रूपमा बताउनु पर्दछ ।



## डिजिटल तथा नव-सञ्चारका माध्यमबाट बालअधिकार पैरवी

बालबालिकाले अनलाइन तथा नव-सञ्चारको प्रयोग गरी सिक्ने-सिकाउने, सञ्चार गर्ने, सहभागी हुने, सामाजिक सम्बन्ध विस्तार गर्ने तथा रचनात्मक कार्य गर्ने लगायतका कामकुरा गर्न सक्दछन् । त्यस्तै, अनलाइन तथा नव-सञ्चारको माध्यमबाट बालअधिकार पैरवी समेत गर्न सकिन्छ । अनलाइन तथा नव-सञ्चारको प्रयोग गर्न बालबालिका तथा किशोरकिशोरी अत्यन्तै उत्साहित हुन्छन् र खासगरी स्मार्टफोनको व्यापकताले त्यसमा उनीहरुको पहुँच अझै बढाएको छ । तर, अनलाइन तथा नव-सञ्चारको माध्यमको उपयोग गर्दा त्यसबाट आउनसक्ने जोखिमका बारेमा भने हामी सजग रहनुपर्दछ ।

## अनलाइन तथा नव-सञ्चारको माध्यमबाट बालअधिकार पैरवी गर्दा-

- लक्षित व्यक्ति, अधिकारी वा निकायलाई बालअधिकार, बालसंरक्षण तथा बालसहभागिताका खास-खास सवालबारे बुझाउन अनलाइन तथा नव-सञ्चारको प्रयोग उपयोगी हुन सक्दछ;
- सामाजिक सञ्जालले उपलब्ध गराएको अनलाइन प्लेटफार्मको उपयोग गरी कुनै पनि प्रयोगकर्ताले विषयवस्तु लेख्न, पोस्ट गर्न तथा छलफल एवं अन्तर्क्रियामा सहभागी हुन सक्दछ;



- अनलाइन तथा नव-सञ्चारको माध्यमबाट बालअधिकार पैरवीको मुख्य सन्देशबारे जनमत सिर्जना गरी, सार्वजनिक मत तयार गरी जिम्मेवार अधिकारी वा निकायमाथि दबुवा दिन सकिन्छ;
- अनलाइन तथा नव-सञ्चारको माध्यमबाट बालअधिकार पैरवी गरिँदा भौतिक उपस्थिति विना, कम खर्चमा प्रभावकारी रूपमा सन्देश प्रवाह गर्न सकिन्छ;
- मनोरञ्जनका लागि मात्र अनलाइन तथा नव-सञ्चारको प्रयोग गर्ने बालबालिका तथा किशोरकिशोरीलाई बालअधिकार पैरवीका लागि समेत त्यसको उपयोग गर्न प्रोत्साहित गर्नाले त्यो उद्देश्यमूलक हुन सक्दछ ।
- बालबालिका तथा किशोरकिशोरीमा डिजिटल मिडियाको प्रयोगबारे सीप विकास गरिनु आवश्यक छ ताकि-
  - अनलाइनबाट हुने अवसर बढाउन र जोखिमलाई न्यून गर्न सकियोस्,
  - आफ्नो र अरूको गोपनीयताको सम्मान गर्न सकियोस्,
  - आमाबुवा, अभिभावक वा जानकारी भएका वयस्कसँग उचित निर्देशन लिई संरक्षण सुनिश्चित गर्न सकियोस् ।
- त्यसैगरी, अनलाइन तथा नव-सञ्चारको माध्यमबाट बालअधिकार पैरवी गरिँदा सन्देश स्पष्ट हुनुपर्दछ, गलत व्याख्या गर्न सकिने वा दोहोरो अर्थ नलाग्ने खालको हुनुपर्दछ ।

## पैरवी प्रक्रियाका लागि रूजुसूची (Checklist)

| | |
|---|---|
| • के-कस्तो परिवर्तनको अपेक्षा गरिएको हो ? | •निर्दिष्ट लक्ष्य निर्धारण गरौं,<br>•उपलब्धि मापन गर्न सकिनेगरी सूचकहरू बनाऔं। |
| • कसले पैरवीको लक्ष्य पूरा गर्न सघाउन सक्दछ ? | •सबै मुख्य लक्षित व्यक्ति, अधिकारी वा निकायको पहिचान गरौं। |
| • उत्तरदायित्व वहनकर्ता के कुरा सुन्न चाहन्छन् ? | •प्रत्येक लक्षित व्यक्ति, अधिकारी वा निकायका लागि बेग्लाबेग्लै एवं विशिष्ट सन्देश तयार पारौं। |
| •उत्तरदायित्व वहनकर्तासम्म सन्देश पुऱ्याउन क-कसले सहयोग गर्न सक्दछन् ? | • प्रत्येक लक्षित व्यक्ति, अधिकारी वा निकायसँग अन्तर्क्रिया गर्न उपयुक्त व्यक्ति, वा समूह (वा प्रवक्ता) छनोट गरौं। |
| •उत्तरदायित्व वहनकर्तासम्म के-कसरी पुग्न सकिन्छ र/वा उनीहरुलाई प्रभाव पार्न सकिन्छ होला ? | •प्रत्येक लक्षित व्यक्ति, अधिकारी वा निकायलाई सम्पर्क गर्ने वा उनीहरुलाई प्रभाव पार्ने उपयुक्त विधि (लबी, कार्यशाला बैठक, भेला वा सामाजिक सञ्जालको उपयोग आदि) पत्ता लगाऔं। |
| •बाल-पैरवीकर्तामा के-कस्ता क्षमता हुनु पर्दछ ? | •बाल-पैरवी सञ्चालन गर्ने वा अभियान हाँक्ने व्यक्तिहरूको क्षमताको आङ्कलन गरौं र उनीहरुलाई कुनै खास प्रकारको तालिम चाहिने वा अन्य सहयोगी संस्था वा साझेदार चाहिन्छ कि, यकिन गरौं। |
| •पैरवी वा अभियानका क्रियाकलापलाई के-कसरी व्यवस्थित गर्न सकिन्छ ? | •सकेसम्म बढी र भिन्न तहका व्यक्ति, अधिकारी वा निकायसम्म पुग्न सकियोस् भन्नाका लागि विभिन्न खालका फरक क्रियाकलाप तय गरौं। |
| •के-कसरी उपलब्धि वा सफलता मापन गर्न सकिन्छ ? | •पैरवीको प्रत्येक चरणको अनुगमन गरौं र पैरवीको सबै चरण पूरा भएपछि एक विस्तृत मूल्याङ्कन गरौं। |

*Advocacy with and for children in the work of NHRIS*, **पे. ३५ को आधारमा तयार गरिएको।**

**खण्ड घः**


# स्थानीय (प्रदेश तथा सङ्घ समेत) तहमा बाल-पैरवी मञ्च र बाल-पैरवी परिषद्का लागि पैरवीका केही सवाल


**स्थानीय तहमा बालअधिकार प्रवर्द्धन, बालसंरक्षण तथा बालसहभागिता अभिवृद्धि गर्नका लागि केही सवाल...**

## बाल-पैरवीका समग्र विषय

- **सबै बालबालिकाले शिक्षा, स्वास्थ्य, पालनपोषण, मायाममता, पारिवारिक वातावरणमा हुर्कन पाउने, सुखद बालापान, हेरचाह, खेलकुद र मनोरञ्जन लगायतका आधारभूत अधिकार पाउनुपर्दछ। त्यसका लागि निरन्तर कार्य गर्नुपर्दछ। को अधिकारबाट वञ्चित छ, को छुटेको छ र किन छुट्यो त ? के गरिएमा उनीहरूलाई अधिकार प्राप्तिको मूलधारमा ल्याउन सकिन्छ ? त्यसका लागि क-कसको के-कस्ता जिम्मेवारी हुन्छन् ? यी बाल-पैरवीका सवाल हुन्।**







- बालसंरक्षण बाल-पैरवीको अर्को सवाल हो । बालबालिकामाथि हुनसक्ने सबै खालका हिंसा, भेदभाव, दुर्व्यवहार, शोषण, परम्परागत हानिकारक अभ्यास र बेवास्तालगायतका हानिबाट जोगाउनका लागि- (क) रोकथाममूलक, (ख) शीघ्र सम्बोधन, र (ग) घटना व्यवस्थापनका कार्य गर्नुपर्दछ ।

- यसका लागि- (क) संस्थागत व्यवस्था, (ख) दक्ष मानव-स्रोतको व्यवस्था/विकास, (ग) आर्थिक एवं भौतिक स्रोतको प्रवन्ध, (घ) विधि, प्रक्रियासहित सेवा प्रवाह गर्ने व्यक्ति, संरचना तथा निकायको दक्षता अभिवृद्धि, र (ङ) बालसंरक्षणबारे राज्यको संवेदनशीलता तथा लगानी बढाइनु परेको छ । यसबारे बाल-पैरवीमार्फत निरन्तर आवाज उठाउनु परेको छ ।

- घरपरिवार, विद्यालय, समुदाय, बालअधिकारका लागि क्रियाशील संस्था र सबै तहका सरकारका निकायमा बालबालिकाको सहभागिता प्रवर्द्धन गर्न सचेतना, ज्ञान र सीपको अभिवृद्धि गर्नु एवं उपयुक्त विधि-प्रक्रिया अभ्यासमा ल्याउनुपर्दछ । बालअधिकार पैरवीले त्यसबारे स्थानीय तहमा बहस अगाडि बढाउन सक्दछ ।

- आफ्नो अधिकारप्रति सचेत र आफूले गर्नुपर्ने कर्तव्य पूरा गर्ने नागरिकको जमात तयार गरेर गर्न सकिन्छ । तसर्थ, आजका बालबालिकालाई सचेत नागरिकका रुपमा विकास गर्न समेत अधिकार पैरवीमा उनीहरुको संलग्नता अत्यन्तै महत्वपूर्ण हुन्छ । यसर्थ, बालबालिकाको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्नु तथा अवसरको बढोत्तरी गर्नु बाल-पैरवीको अर्को विषय हो ।

## बालअधिकारको प्रवर्द्धन सम्बन्धमा पैरवीको मुख्य ध्येय :

- बालअधिकारका लागि उत्तरदायित्व वहनकर्ता आमाबुबा/अभिभावक, परिवार, संस्था र निकायको चेतना अभिवृद्धि गर्न;

- स्थानीय तहमा बालबालिकासम्बन्धी तथ्याङ्क सङ्कलन, अद्यावधिक गर्ने तथा रणनीतिक कार्ययोजना तर्जुमा गराउन;

- स्थानीय तहमा बालबालिकाको अधिकार परिपूर्ति गर्न सरोकारवाला निकायबीच समन्वय एवं सहकार्य गराउन;

- स्थानीय तहमा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रम बनाउन र बजेट विनियोजन गर्नको लागि पैरवी गर्न;

- गाउँ/नगरपालिकाको बालबालिकासम्बन्धी समग्र र/वा खण्डीकृत सूचना एवं तथ्याङ्कलाई एकीकृत, व्यवस्थित अनि अद्यावधिक गरी बालअधिकार र बालसंरक्षण सूचना प्रणालीको स्थापना तथा सुदृढीकरण गर्न; एवं

- आमसञ्चार माध्यमलाई बालमैत्री तथा बालसंवेदनशील बनाउन ।




## बालसहभागिता प्रवर्द्धनका लागि गर्न सकिने पैरवी कार्य-

- गाउँ/नगरपालिकाका औपचारिक संरचना (जस्तैः स्थानीय बालअधिकार समिति) मा बालसहभागिता सुनिश्चित गराउन;
- गाउँ/नगरपालिकाको समुदाय तथा विद्यालयमा बालक्लब/सञ्जाल गठन तथा सञ्चालन गर्न;
- गाउँ/नगरपालिकामा गठन भई क्रियाशील रहेका बालक्लब/सञ्जालको अभिलेखीकरण तथा अद्यावधिक गर्न;
- वडा तथा गाउँ/नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका प्रक्रियामा वार्षिक रूपमा बालभेला गरी बालबालिकाका विचार र दृष्टिकोणबारे सुनुवाइ गर्न र गराउन;
- बालक्लब/सञ्जालको योजना तर्जुमा गरी उक्त योजनाअनुसारका क्रियाकलाप गर्नका लागि स्थानीय तहबाट बजेट विनियोजन तथा सहजीकरण गराउन;
- स्थानीय तह आफैंले बजेट छुट्याएर वा प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी बालबालिकाका सवाललाई सम्बोधन गर्न र बालअधिकार परिपूर्तिका निमित्त रणनीतिक योजना लागु गर्न आर्थिक, मानवीय र संस्थागत स्रोतको व्यवस्था गर्न; एवं
- बालअधिकार प्रत्याभूति गर्न जिम्मेवारी वहन गर्ने स्थानीय तहका निकाय, संरचना तथा विद्यालय व्यवस्थापन समितिमा बालक्लब/सञ्जालका प्रतिनिधिलाई समावेश गर्न र बालसहभागिता वृद्धिका लागि अवसर सिर्जना गर्न ।

## बालक्लब/सञ्जालका सम्बन्धमा स्थानीय तहले गर्नुपर्ने केही काम

- बालक्लब/सञ्जाल गठनका लागि समन्वय र सहजीकरण;
- बालक्लब/सञ्जालको दर्ता र नवीकरण *(तिनको सम्पूर्ण विवरणको अभिलेख स्थानीय तहको बालबालिकाको विषय हेर्ने शाखामा राखिनुपर्ने);*
- बालक्लब/सञ्जालको मासिक बैठक तथा क्रियाकलाप सञ्चालनमा सहजीकरण;
- बालक्लब/सञ्जाल सदस्यलाई बालअधिकार, बालसंरक्षण, प्रचलित कानुनको व्यवस्था, स्थानीय तहको अख्तियारी लगायतका विषयमा तालिम दिई क्षमता अभिवृद्धि;
- बालक्लब/सञ्जालले योजना गरेका कार्यक्रम गर्न, गराउन आर्थिक, भौतिक र मानव स्रोतको उपलब्धता; एवं
- वडा तथा गाउँपालिका वा नगरपालिकाको तहमा बालमेला गर्न कार्यविधि तर्जुमा गरी बालमेला गर्नु, गराउनु, आदि ।



## बालअधिकार पैरवीका अन्य केही विषय-

- गाउँ/नगरपालिकाभरि विद्यालय पौष्टिक आहार कार्यक्रम विस्तार गराउन र समुदायलाई आफ्नै ठाउँमा पाइने खानाको प्रयोगलाई प्रोत्साहित गर्न सचेतना बढाउन;
- समुदायका आमाबुबा/अभिभावक समेतलाई सचेतना जगाई विद्यालय जाने उमेरका सबै बालबालिकाको शिक्षाको हक सुनिश्चित गराउन;
- कानुनविपरीत बालबालिकालाई श्रममा लगाइएको वा श्रमशोषण गरिएको पाइएमा त्यसको सम्बोधन गरी रोजगारदातालाई कारबाही गर्न गाउँ/नगरपालिकामा पैरवी गर्ने;
- अपाङ्गता भएका बालबालिकाको भेदभावविहीनता, शिक्षा, स्वास्थ्य, समाजमा सक्रिय जीवन बाँच्ने, सामाजिक सुरक्षा भत्ता लगायतका आधारभूत अधिकारका लागि गाउँ/नगरपालिकामा पैरवी गर्ने;
- स्थानीय तहको आवधिक निर्वाचनको अवसरमा समुदायका बालबालिकाको सवालप्रति राजनैतिक दलको प्रतिबद्धताका लागि पैरवी गर्ने;
- बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ अनुरूप गाउँ/नगरपालिकालाई बालमैत्री घोषणा गर्ने; एवं
- वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७८ अनुरूप स्थानीय तहमा पैरवी गर्न।

## विद्यालय शिक्षासँग सम्बन्धित पैरवीका केही सवाल



- विद्यालयमा योग्यता पुगेको दक्ष एवं अनुभवी शिक्षकको व्यवस्था गर्न;
- प्रत्येक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गर्न एवं सबै विद्यार्थीलाई मनोसामाजिक सहयोग प्रदान गर्न;
- विद्यालय शिक्षालाई नि:शुल्क, व्यावहारिक एवं गुणस्तरीय बनाउन र त्यसका लागि शिक्षकलाई बालमैत्री शिक्षण-सिकाइ विधि अवलम्बन गर्न तालिम दिन;
- विद्यार्थीलाई सूचना प्रविधिप्रति आकर्षित गरी प्रविधिलाई शिक्षण-सिकाइमा उपयोग गराउन,
- कक्षाकोठाको शिक्षण-सिकाइ प्रक्रियामा बालसहभागिता बढाउन;
- अपाङ्गता भएका बालबालिकालाई लक्षित छात्रवृत्ति दिलाउन पहल गर्न;
- सबै विद्यालयमा गुनासो सुनुवाइ कार्यविधि लागु गराई विद्यार्थीका समस्या एवं गुनासो सुन्ने व्यवस्था गर्न;
- गाउँ/नगरपालिकाका सबै विद्यालयलाई भयरहित, शारीरिक र मानसिक दण्डमुक्त बनाई बालबालिकामाथि हुनसक्ने बुलिङ्गको अन्त्य गर्न;

- आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गर्ने;
- विद्यालयमा सबै उमेर समूह, लिङ्ग तथा अपाङ्गता भएका बालबालिकालाई सुहाउँदो हुनेगरी खेलकुद मैदान, खेलकुदका सामग्री र नियमित रुपमा खेलकुद प्रतियोगिता आयोजना गरी विद्यार्थीलाई खेलकुद तथा रचनात्मक क्रियाकलापमा आकर्षित गर्ने; एवं
- १४ वर्ष उमेर पूरा गरेका बालबालिकालाई प्राविधिक शिक्षा एवं सीप विकास तालिम प्रदान गर्ने तथा त्यसको लागि गाउँ/नगरपालिकामा प्राविधिक विद्यालय स्थापना गर्ने।



## बालस्वास्थ्यसँग सम्बन्धित पैरवीका सवाल

- गाउँ/नगरपालिकाका गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच, पोसिलो खाना र स्याहारका लागि परामर्श एवं सहयोग प्रदान गर्न तथा स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्न;
- गाउँ/नगरपालिकाका बालबालिकाको पूर्ण खोप र बाल पोषण सुनिश्चित गर्न;
- दक्ष स्वास्थ्यकर्मी, उपकरण र औषधोपचारको व्यवस्था गरी बालबालिकाको स्वास्थोपचार निःशुल्क एवं गुणस्तरीय बनाउन;
- स्वास्थ्य संस्थाले किशोरकिशोरीमैत्री वातावरणमा किशोरकिशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसम्बन्धी शिक्षा, स्वास्थ्य सेवा र तत्सम्बन्धमा मनोविमर्श सेवा उपलब्ध गराउन; एवं
- जलवायु परिवर्तनले बालबालिकामा पार्ने प्रभाव कम गर्न र वातावरण जोगाउन जनचेतना जगाउन।


## बालसंरक्षणसँग सम्बन्धित पैरवीका सवाल

- बालबालिकामाथि कुनै पनि किसिमको हिंसा, दुर्व्यवहार तथा शोषण हुन नदिन जनचेतनासहित रोकथाममूलक कार्य गर्न र कथंकदाचित कुनै घटना भइहालेमा सोको शीघ्र सम्बोधन गर्न र घटना व्यवस्थापनका लागि संस्थागत संरचना, दक्ष मानवस्रोत तथा बजेटको व्यवस्था गर्न;
- अनलाइनको दुरूपयोग गरी हुने बालदुर्व्यवहार तथा साइबर अपराधबाट बालबालिकालाई संरक्षण गर्न नीतिगत व्यवस्था गरी इन्टरनेट सेवा प्रदायकलाई नियमन गर्नुका साथै पीडितलाई मद्दत गर्न;
- सडकमा आश्रित, बालश्रममा संलग्न, लागूपदार्थको दुर्व्यसनमा फँसेका बालबालिकाको उद्धार गर्न तथा अभिभावकविहीन बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्न;
- बालविवाहको अन्त्य गर्न र बालविवाह गर्ने, गराउनेलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न;
- बालबालिकाको अधिकार प्रवर्द्धन गर्न र जोखिमलाई सम्बोधन गर्न बालक्लब/सञ्जाल, आमा समूह, आमाबुबा/अभिभावकलाई बालबालिकामाथि हुनसक्ने हिंसा, दुर्व्यवहार र शोषणविरूद्ध आवाज उठाउन सक्षम बनाउन;
- बालिका तथा अपाङ्गता भएका बालबालिकालाई गाउँ/नगरपालिकाको तर्फबाट सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था गरी परिवार वा समाजमा विशेष हेरचाह पाउन सक्ने बनाउन;
- गाउँ/नगरपालिकाभित्रका बालबालिकाको शत प्रतिशत जन्मदर्ता भएको सुनिश्चित गर्न;
- नीतिगत व्यवस्था तथा कार्यक्रम लागु गरी गाउँ/नगरपालिका एवं त्यहाँका विद्यालयलाई बालमैत्री, अपाङ्गतामैत्री तथा बालिकामैत्री बनाउन;
- विपद् तथा महामारीको जोखिमबाट बालबालिकालाई जोगाउन बालकेन्द्रित पूर्वतयारी र विपद् प्रतिकार्य योजना तयार गर्न;
- आपतकालीन अवस्थामा उद्धार, राहत, पुनर्स्थापना कार्य गरिँदा बालबालिकालाई प्राथमिकता दिन; एवं
- वातावरण र जलवायु परिवर्तनसम्बन्धी सवाललाई सम्बोधन गर्ने योजना बनाउँदा बाल सहभागिता गराउन।



"बालसहभागिताः संविधानदेखि व्यवहारसम्म"

# कन्सोर्टियम-नेपाल
# Consortium Nepal

बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम नेपाल)
शंखमूल, प्रगतिमार्ग १०, नयाँ बानेश्वर, काठमाडौं ।
फोन नं.: ०१-४७९१३२७
इमेल : participation.consortium@gmail.com
वेवसाइट: http//www.consortium.org.np
सचिवालय: एन.ए.सी.जी नेपाल (NACG Nepal)